# गुराँस गाउँपालिकाको परिचय

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ कि.मि.को दुरीमा रहेको छ ।

साविकका वराह, सेरी, खड्कवाड, गोगनपानी, पिलाडि, लालिकाँडा गा.वि.स.हरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो । झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सबैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ । भने सवैभन्दा बढी उचाई रहेको वडा नं.७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को अनुसार गुराँस गाउँपालिकाको कुल जनसंख्या २१,१८९ रहेको छ, जसमध्य कुल जनसंख्याको ५१ % महिला छन् भने ४९ % पुरूष रहेका छन् । करिब १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाहेक पर्यटनहरु आउने गर्दछन् । गुराँस गाउँपालिकामा संचालित सबैजसो होटेलहरु लोकल कुखुरा कर्णाली तथा लोहोरे खोलाको माछा र स्थानीय खानेकुराको कारणले भरिभराउ हुने गरेको पाईन्छ ।

यहाँको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ । नेपालको आर्थिक तथा सामाजिक विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायकको अग्रणी भूमिका रहेको छ । औधोगिककरणको गति मन्द रहेकोले यहाको कृषि तथा पशु व्यवसाय नै आर्थिक विकासको मूख्य आधार क्षेत्र हो । यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसायमा (९२.३३) प्रतिशत अत्यधिक जनसंख्या संलग्न रहेको छ । पढेलेखेका विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अगाल्न सक्ने भएकोले यो व्यवसायलाई व्यवस्थित गर्न जरुरी छ । हाल रहेको मिश्रित व्यवसायीक प्रणालीले कृषि,पशुपंक्षी, वन, जडिबुटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको अवस्था छ ।

## गुराँस गाउँपालिका वडा नम्बर ७ को संक्षिप्त परिचयः

राज्यको पुनःसंरचनासँगै दैलेख गुराँस गाउँपालिका वडा नम्बर ७ साविकको लालिकाँडा गाउँविकास समितिको साविकका ५ वटा वडा मिलाएर बनाइएको हो । दक्षिणी पश्चिममा गुराँस गाउँपालिका वडा नम्बर ८ उत्तरी पश्चिममा डुङ्गेश्वर गाउँपालिका र पुर्वमा जाजरकोटसँग सिमाना जोडिएको छ । क्षेत्री समुदायको बाहुल्यता रहेको यो वडामा जनजाती र दलित समुदायको समेत बसोबास रहेको वडा नम्बर ७ का नागरिकको मुख्य पेशा कृषि हो । यो वडामा विभिन्न पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् । विशेषगरी वुरुसे लेक, विभिन्न गुफाहरु र लात्तेको झरना तथा मालिका मन्दिर लगायतका अन्य

रमणिय ठाउँहरु पनि रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को अनुसार वडा न ७ को जनसंख्या १९०१ रहेको छ । जसमा पुरूष ९ सय ६५ र महिला ९ सय ३६ जना रहेका छन् ।

**सार्बजनिक सुनुवाई........**

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचनाभई तीन तहको सरकारको अवधारणाबाट स्थानीय सरकार गठन भएका छन् । जन निर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन् । तीनतहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएको छ । संघीय सरकार, प्रदेश सरकारर स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन् ।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनै पनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, रजन सभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जन गुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकाससँग सम्बन्धित रहन्छ ।

**गुराँस गाउँपालिका वडा नम्बर ७ को सार्बजनिक सुनुवाई :**

वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । त्यही व्यवस्थाअनुसार आर्थिक बर्ष २०८१/०८२ को ६ महिनामा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको गुराँस गाउँपालिका वडा नम्बर ७ को सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवा प्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालिले गरेको हो ।

**सार्बजनिक सुनुवाईको उद्देश्यः**

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१/०८२ को ६ महिनामा गुराँस गाउँपालिका वडा नम्बर ७ कार्यालयबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा आम नागरिकको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन् ।

- वडाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।
- विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।
- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा सेवाप्रवाहलाई गुणस्तरीय बनाउन ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा सरकारलाई जिम्मेवार बनाउन ।

**सार्बजनिक सुनुवाईको विवरण**

**सहजिकरण गर्ने संस्थाः** स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालि

**सार्बजनिक कार्यक्रम संचालन भएको मितिः** २०८१ माघ महिनाको २ गते

**सार्बजनिक सुनुवाई भएको स्थानः** गुराँस गाउँपालिका वडा नम्बर ७ कार्यालय झुज दैलेख ।

**सार्बजनिक सुनुवाई भएको समयः** १२ बजेदेखि ३ बजेसम्म

**कार्यक्रममा सहभागी संख्याः** ५६ जना

**कार्यक्रमको प्रमुख जवाफदेही वक्ताः**

- वडा अध्यक्षः नन्द बहादुर विसी
- वडा सचिवः झम्पन आचार्य
- वडा प्राविधिकः विशाल विक

**सहायक जवाफदेही वक्ताः**

१) सम्झना कुमारी बुढा (वडा महिला सदस्य)

२) लक्ष्मण कुमार थापा (वडा सदस्य)

३) मन्दिरा कामी (वडा दलित महिला सदस्य)

४) प्रेम बहादुर बुढा (वडा सदस्य)

५) खगेन्द्र कुमार विसी (प्रधानाध्यापक शान्ति मावी लालिकाँडा)

६) मनमायाँ गुरुङ्ग (लालिकाँडा स्वास्थ्य चौकी इन्चार्ज )

७) हरि बहादुर गुरुङ्ग (लालिकाँडा प्रहरी चौकी इन्चार्ज)


**सार्बजनिक सुनुवाई कार्यक्रममा पेश भएका प्रतिवेदनहरुः**

गुराँस गाउँपालिका वडा नम्बर ७ को आर्थिक बर्ष २०८१/८२ को अर्धबार्षिक सार्बजनिक सुनुवाई कार्यक्रममा तपशिलका प्रतिवेदनहरु प्रस्तुत गरिएको थियो ।

- वडाको नीतिगत सुधार सम्बन्धि जानकारीः वडा अध्यक्ष नन्द बहादुर विसी
- चालू आर्थिक वर्ष २०८०/८१ मा वडाबाट प्रवाह भएका सेवाहरुको बारेमा प्रतिवेदनः वडा सचिवः झम्पन आचार्य
- योजना कार्यान्वयन सम्बन्धि जानकारीः प्राविधिक विशाल विक
- नागरिक सर्वेक्षण प्रतिवेदनः सहजकर्ता टेकराज केसी
- आचारसहिंता प्रस्तुतः सहजकर्ता टेकराज केसी

**सार्बजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति**

२०८१/८२ को ६ महिनामा सम्पादन गरिएका विकास निर्माण कार्य, सेवा प्रवाहबारेमा सार्वजनिक सुनुवाई गरियो । सार्बजनिक सुनुवाई कार्यक्रममा विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।



आज मिती २०८१ साल माघ महिनाको [illegible] गते गुरौंस गाउँपालिकाको आयोजना तथा स्टार इनोभेसन एण्ड रिसर्च सेन्टर प्रा.लि.को सहजीकरणमा गुरौंस गाउँपालिकाको ६ नम्बर वडाको सार्वजनिक सुनुवाई तपशिलको उपस्थितिमा सम्पन्न गरियो ।

तपशिल

| नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|
| श्री नन्द ब विष्ट | गुरौंस - ६ | वडा अध्यक्ष | |
| श्री जनपत आचार्य | " | वडा सचिव | |
| श्री विशाल विक | " | वडा प्राविधिक | |
| सरस्वती कुमारी बुढा | — | म० वडा सदस्य | |
| श्री लक्ष्मण कुमार थापा | — | सदस्य | |
| श्री मन्दरी कामी | — | द.म. सदस्य | |
| श्री टेकराज के.सी. | | सार्वजनिक सुनुवाई सहजकर्ता | |
| श्री चन्द्र बती | — | — | |

श्री ~~जनपत कुमार आ~~

श्री ~~विशाल~~ प्रेम बहादुर बुढा वडा सदस्य

श्री नरेन्द्र खड्का वडा कार्यालय सहयोगी

श्री दिपक कुमार खड्का, सामाजिक विकास सहजकर्ता

श्री लोक ब० बुढा ने.क.पा. पार्टी सभापति बनमहाँकाल -पाप्यासमिति-

शेर ब विक

सुरेन्द्र वि० सी०

मान ब० खत्री

लोक ब० थापा

गगन बहादुर थापा

हरि ब गुरुङ प्र.अ. त्रि

नबिन थापा सहकारी कर्मचारी


पदम ब० बुढा

भक्त ब० रायमाझी

खगेन्द्र कुमार वि.सी.

खेमराज थापा

डिल ब० बुढा



६०।८६। श्री विनोद कुमार बुढा ने.क.पा. एमाले जिल्ला के. सदस्य

रण ब० थापा

धन सिंह खड्का

रिम शाही (लालीकोट स्वास्थ्य चौकी अ.हे.ब.)

देउमल बुढा

मान ब. शिक्षा

बखत ब. थापा

केशर खड्का

छविलाल विक प्र.अ

ज्ञान ब० थापा

मसरा मेहरी थापा

नरकला विष्ट

कमला थापा

रुपा नेपाली

तुलसा थापा

धनी थापा

लक्ष्मी थापा

सकुन्तला थापा

प्रेमकला नेपाली

कौशीला नेपाली

सकुन्तला नेपाली

कविता बुढा

दिपक कुमार वि.सी.

गोरे बुढा

दिपक बहादुर खड्का

धन ब० थापा

धनजी खड्का

कमल खड्का

टेकु ब० थापा

श्याम ब० बुढा

केशर वि.सी.

सार्वजनिक सुनुवाई कार्यक्रमका विषयहरु :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि पशु
- भौतिक पूर्वाधार
- सुशासन विकास निर्माण
- सेवा प्रवाह स्थिति विवरण

गुराँस गाउँपालिका वडा नम्बर ७ को आर्थिक बर्ष २०८१/०८२ को अर्धबार्षिक समिक्षा तथा सार्बजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा, सुझाव तथा जवाफ

| क.स | प्रश्कर्ताको नाम ठेगाना | प्रश्नकर्ताको प्रश्न, जिज्ञासा, सुझाव | जवाफदेही वक्ताको जवाफ |
|---|---|---|---|
| १ | लोक बहादुर विसी ( गुराँस ७) | कुनैपनि योजना छनौट गर्दा थाहा दिइन्न । कुन योजना काँहा कसरी संचालन भइरहेका छन् भन्ने कुनै जानकारी हुँदैन । योजना छान्दा पाटी, आफ्ना मान्छेहरुलाई मात्रै जानकारी दिने गरिन्छ किन ? | **नन्द बहादुर विसी (वडा अध्यक्ष):** योजना बनाउँदा नातागोता, पाटी हेर्ने भन्ने छैन । म त्यस्तो प्रतिशोधको आधारमा गर्दिन । रोजगार कार्यक्रमको कुरा होला । मैले सबै भुगोल र आर्थिक अवस्थालाई हेरेर वडामा सुचिकृत भएका बेरोजगार युवाहरुलाई मात्रै छानेर काममा लगाइएको जानकारी गराउँछु । विरोधका लागि विरोध गर्नु पनि त्यती राम्रो हुँदैन । |
| | | मुख्यमन्त्री प्रधानमन्त्री रोजगार कार्यक्रममा मनोमानी गरिएको छ, रोजगार सुचिमा नपरेका मानिसहरुको नाम किन राखिन्छ ? | **नन्द बहादुर विसी (वडा अध्यक्ष):** मैले यो प्रश्नको मैले जवाफ दिइसके । रोजगारीका सम्बन्धमा विशेष कार्यक्रम ल्याउनुपर्छ भन्ने म कार्यपालिकामा समेत आवाज उठाइरहेको छु । |
| | | खरको छानामुक्त कार्यक्रम अन्तरगत एकजना गरिब व्यक्तीलाई दिएको रकम वडाले राख्यो, यस्तो अन्यायपूर्ण व्यवहार गर्न पाइन्छ ? | **नन्द बहादुर विसी (वडा अध्यक्ष):** यो विषयमा अख्तियारमा मुद्धा परेको छ । यो अहिलेको कुरा पनि होइन् । अघिल्लो सरकारको पालाको कुरा हो । त्यो पैसा कुन शिर्षकबाट दिइएको हो, त्यो पनि थाहा छैन । खरको छाना मुक्त गर्ने कार्यक्रम अन्तरगत दुइ बर्षमा धेरै काम भएको छ । अब रकम दिँदा निर्माणपछि प्राविधिक स्टेमेट अनुसार दिने भनिएपछि उहाँ धनसरीले भनेअनुसार दिन नसकिएको हो । यो अख्तियारमा मुद्धा भएकाले यो धेरै हाम्रो विषयभित्र रहेन । |
| | | यसअघिको सरकारले गरेको विद्युतको काम अहिलेसम्म किन पुरा हुन सकेको छैन ? | **नन्द बहादुर विसी (वडा अध्यक्ष):** गुराँस गाउँपालिकामा २०७८ सालमा विद्युतीकरण सम्पन्न भएको भनिएको छ । हामी निर्वाचित पछि गुराँसका सबै ठाउँमा विद्युत नपुगेको देखियो । |

| | | | |
|---|---|---|---|
| | | | त्यतीबेलाकै समस्या हो । अहिले हामी सबै ठाउँमा बत्ती बाल्ने तयारी गरेका छौँ । कति ठाउँमा बत्ती अपुग छ भनेर हामीले निरिक्षण गरिरहेका छौँ । यसको समाधान हुन्छ । |
| | | खानेपनी र बाटाहरु अधुरा रहेका छन् । ति अधुरा योजनाहरुलाई अगाडी बढाइयोस् । सँगै वन उपभोक्ता समितिहरु नविकरणको काम अगाडी बढाइयोस् । | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: खानेपानीको समस्या त हामी अब एक घर एक धारा कार्यक्रमबाट नै समाधान गर्ने भइयो भने बाटाघाटा सुधार भएकै छन् । अझै सुधार गर्दै जाने प्रतिवद्धता जनाउछु । |
| २ | रुपा नेपाली (गुराँस ७) | हाम्रो घर नजिक खानेपानीको मुहान छ । त्यहो मुहानको पानी गन्ध आयो भन्छन् । त्यो पानी हाम्रो नजिक भएर गन्ध आयो की के भएर हो बुझ्न सकिएन । अर्को कुरा त्यहीनिरबाट पाइप हालेर पानी लगिएको छ, तर हामीलाई पानी दिइएको छैन किन होला ? | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: खानेपानीको सन्दर्भमा व्यक्तीगत पाइप दिएर होइन् । हामी एक घर एक धारा कार्यक्रमको अवधाराणा ल्याएका छौँ । यो समस्या समाधान गर्छौ । पानीको मुहान गन्ध आउने भनेर भनिएको छ भने कसले भन्यो । त्यो थाहा भएन, यदी पानीको मुहान फोहोर भएको हो भने हामी त्यसको सुधार गर्छौ सफा गर्छौ । |
| ३ | दिपक विसी (वडा नम्बर ७ मर्खे) | गुराँस गाउँपालिकाले २०८० मा विद्युतको कर्मचारीको लागि लिइएको परिक्षा रिजल्ट अहिलेसम्म आएन । त्यो काँहा हरायो होला ? यो कसले लुकायो । | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: गुराँस गाउँपालिकाले विद्युतमा कर्मचारी राख्ने सम्बन्धमा परिक्षा लिएको सत्य हो । त्यसको रिजल्ट अहिलेसम्म किन आएन यसको जवाफ प्रमुख प्रशासकीय अधिकृतले दिनुहोला । |
| | | मर्खेको लिफ्टिङ खानेपानी आयोजनाको लागि सरकारले धेरै लगानी गरिसक्यो । अहिलेसम्म त्यो आयोजना किन अगाडी बढाइएन ? | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: गुराँस गाउँपालिकाभर बिना डिजाइनमा लिफ्टिङ आयोजनाहरु बनाइएका रहेछन् । ति आयोजनाहरु अहिले लथालिङ्ग अवस्थामा रहेको यहाँहरुलाई म जानकारी गराउछु । केही आयोजनाको मुद्धा अख्तियारमा परेका छन् भने हामी यस विषयमा अध्ययन गरेर मात्रै ति योजनाहरु अगाडी बढाउने प्रक्रियामा छौँ । यो |

| | | | |
|---|---|---|---|
| | | | मर्खेको मात्रै समस्या होइन् पालिकाभरकै समस्याको रुपमा रहेको अवस्था छ । |
| | | विकास गर्ने सन्दर्भमा सुगम ठाउँ मात्रै हेर्ने गरिएको छ । विकास गर्दा विकट ठाउँलाई पहिलो प्रथामिकता दिएर गर्नुपर्छ भन्ने मेरो सुझाव छ । | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: हो हामीले पनि विकास नभएकै ठाउँको |
| ४ | धन बहादुर थापा ( गुराँस ७ मालकोट) | मैले जति ठाउँमा भनेपनि सुनुवाई भएको छैन । १८ सय मिटर पाइप विच्छ्याए । तर मेरो घरमा अहिलेसम्म पानी आएको छैन । | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: मैले अघिपनि भनिसके । गुराँस सरकारले खानेपानीको लागि व्यक्तीगत रुपमा बाड्नको लागि पाइप खरिद गर्दैन । अब सामुहिक रुपमा सबैलाई पुग्नेगरी खानेपानीको व्यवस्था हुन्छ । |
| ५ | श्याम बहादुर विसी ( गुराँस ७) | मुख्यमन्त्री र प्रधानमन्त्री रोजगार कार्यक्रमको दुरुपयोग भएको छ । यो कार्यक्रमको रकम त श्रमीकले होला लिनुपर्ने तर व्यक्ती खाएको देखिएको छ । | **नन्द बहादुर विसी (वडा अध्यक्ष)**: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत गत बर्ष १३ जनालाई रोजगारीमा लगाउने भनिएको थियो । तर त्यहाँ मानिसहरुले के भन्नुभएको थियो भने हामी सबै मिले २६ जनाले यसमा रोजगारी गर्छौ भनेपछि त्यहाँ २६ जनाले नै काम गर्नुभयो । मैले भने १३ जनाको नाममा भुक्तानी हुन्छ भनेको थिए, सबै सहमत हुनुभयो । तर त्यहाँ केके गडबड भएको हो ? अहिले विवादको विषय छ । यस विषयमा हामीले अनुसन्धान गरिरहेका छौं । |
| | | सडक सोहोर्ने क्रममा यो प्राविधिक स्टेमेट अनुसार भएन भनेर मैले बारम्बार प्राविधिक ज्युलाई भनिरहेको थिएँ । वडा सदस्यलाई समेत भने तर सुनुवाई भएन । विकासमा यस्तो लापरवाही किन हो ? | **विशाल विक प्राविधिकः** यो बाटो सोहर्ने दशैंको बेलाको कुरा हो । सबै बाटाहरु सोहोर्नुपर्ने । तर गाउँपालिकाको दुइवटा मेसिन मात्रै थियो । एउटा पश्चिमतिर र एउटा हाम्रोतिर लगाइयो । सबैतिर बाटो सोहोर्ने काम भएकै हो । अरु केही |

| | | | |
|---|---|---|---|
| | | | समस्या छैन । |
| | | मर्खेको हाम्रो टोलमा १६ घर छौं । त्यहाँ खानेपानीको समस्या छ । त्यो समस्या समाधानको लागि मुहान क्षेत्रमा प्राविधिक ज्युलाई नापजाँच पनि गर्न लगाीइयो, तर अहिलेसम्म त्यो योजना बन्न सकेको छैन । | **विशाल विक प्राविधिकः** खानेपानी त्यहाँ विग्रेको रहेछ । मैले त्यहाँ सबै स्टेमेट बनाएर बुझाएको हुँ । मैले गर्ने काम त्यती नै हो । पालिकामा वजेटको अभाव भएर होकी केहो ? थाहा भएन । |
| १२ | अन्य सुझावहरु | वडाको शिक्षा, स्वास्थ्यको अवस्था सुधार गर्नेगरी योजना बनाएर जानुपर्छ । वडाभित्रका बाटाघाटाका सुधार गर्दै लैजाने र योजना छनौट गर्दा वस्ती स्तरसम्म पुगेर बनाउन सुझाव छ । भने खानेपानी समस्या समाधान गर्नुपर्ने सुझाव सरोकारवालाहरुको छ । | |

**सार्वजनिक सुनुवाई गर्न अपनाइएको विधि :**

- वडा कार्यालयसँग समन्वय
- सार्वजनिक सूचना टाँस, (फेसबुक, सूचना पार्टी, वेभसाइड)
- कार्यालयको तर्फबाट पत्रचार

**कार्यक्रमबाट भएका उपलब्धिहरु :**

- वडा कार्यालय र आम नागरिकबिचको सम्बन्ध प्रगाढ भई विकास निर्माणका काममा जनसहभागिता बढ्ने छ ।
- योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ । भने सुधारको मौका प्राप्त हुने छ ।
- जनताको आवश्यकता पहिचान भई त्यही अनुसारको योजना बनाउन सहयोग पुग्ने छ ।

**सिकाई सुझाव :**

समग्रमा हरेक वर्ष सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेका छन् । तर सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

- सार्वजनिक सुनुवाईमा स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रम खुला चौर अथवा ग्रामीण भेग केन्द्रीत गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- वडामा नागरिक वडापत्रको प्रयोग बढाउनुपर्ने तथा सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।
- स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

**निष्कर्ष :**

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ । सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ ।

नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा स्थानीय सरकारप्रति जनचासो देखाउनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको निश्कर्ष निकालिएको छ ।

**प्रतिवेदनहरुः**


सार्बजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु निम्न छन्:

- **वडा तर्फबाट सेवा प्रवाहको अवस्था सम्बन्धि प्रतिवेदनः** गुराँस गाउँपालिका वडा नम्बर ७ कार्यालयको सेवा प्रवाहको अवस्थाका विषयमा अर्धबार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।
- **विकास निर्माण र नीतिगत सुधार सम्बन्धि प्रतिवेदनः** विकास निर्माण अन्तरगत योजना कार्यान्वनयन तथा नीतिगत सुधारमा भएका प्रयासका विषयमा समेत जानकारीमुलक प्रतिवेदन पेश गरिएको थियो ।


- **नागरिक सर्वेक्षण प्रतिवेदन**: गुराँस गाउँपालिका वडा नम्बर ७ कार्यालयको सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा वडाभित्रका केही नागरिकलाई नमुनाको रुपमा प्रश्नहरु सोधि आएको परिणामहरु कार्यक्रममा प्रस्तुत गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।

## १ सेवाको सन्तुष्टी

**तपाइले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टी पाउनुभयो ?**





**सेवालिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**




## २. सेवाको नियमितता


**नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**





कार्यालयमा कर्मचारी र पदाधीकारीको नियमितता






**तपाईले सेवालिन जाँदा अतिरिक्त रकमतिर्नु भयो ?**




# सेवा प्रतिको जनविश्वास








# विपन्न वर्गको लागि सेवा तथा वजेटको प्रयोग





# सेवाको गुणस्तर




## तपाइ यस कार्यालय आउदा कसको सहयोग लिनुभयो ?




यस कार्यालयमा एउटा कामको लागि कति पटक धाउनुपर्यो ?





## सेवा सम्बीन्धि जानकारी


**कार्यालयको भौतिक अवस्था कस्तो छ ?**





**कार्यालयमा भएको नागरिक बडापत्रको बारेमा तपाईंलाइ जानकारी छ ?**




**वडामा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्तवर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?**





## नागरिक बडापत्र, उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी सम्बन्धमा





**तपाईको विचारमा यस कार्यालयमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा पदान गरेको जस्तो लाग्छ ?**




**तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**





# सिफारिस सम्बन्धी





**सिफारिस लिँदा कसको सहयोग लिनुभयो ?**




## राजस्व दस्तुर ककससँग उठाउने गर्छन ?





## कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?





## कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?




**तपाईको विचारमा कार्यालयले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**





**तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ ?**





**तपाईको वडामा संचालन गरेका आयोजनाहरु कत्तिको प्रभावकारी छन् ?**




### स्थानीय सरकारमा आयोजनाको बिलभुक्तानी दिने व्यवस्था कस्तो छ ?





### आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?





### आयोजना सञ्चालन गर्दा कार्यालयबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?



**कार्यालयमा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**





**आयोजना सञ्चालन गर्दा कार्यालयबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?**





# पारदर्शिता सम्वन्धी


**यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतकाबारेमाजानकारी पाउनु भएको छ ?**




**कार्यालयले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?**




## सार्वजनिक हुने माध्यम के के हुन् ?





**यस कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?**




# बहिर्गमन अभिमत


**सेवालिनको सँग सम्पर्क गर्ने भन्नेमातपाईको धारणा के–कस्तो छ ?**






**सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कतिबुझे जस्तो लाग्यो ?**





**तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**





सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण – कागजात र शुल्क–दस्तुर ) बारे तपाईलाई सेवाप्रदायककर्मचारीले स्पष्ट गरे कि?
०%
१००%
०%
अति स्पष्ट गरिदिए
ठिक
अलमल हुने गरी


तपाईले राख्नु भएका समस्यालाई के–कस्तो समाधान दिए ?
१००%
०%
०%
अति सजिलो तरिकाबाट समाधान दिए
ठिक
समाधान दिन सकेनन


सेवाप्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?
१००%
०%
०%
छोटो
ठिक
लामो

## लिखित प्रतिवद्धता

सार्बजनिक सुनुवाई कार्यक्रममा सहभागि प्रश्नकर्ता र जवादेहीवक्ताबाट उठेका सवाल र जवाफको आधारमा लिखित प्रतिवद्धता समेत व्यक्त गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।



आज मिति २०८१ माघ महिनाको ९ गते गुराँस गाउँपालिकाको आयोजनामा तथा रुरार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रा.को सहजिकरणमा वडा नम्बर ६को सम्पन्न सार्वजनिक सुनुवाईबाट निम्न बमोजिमको लिखित प्रतिबद्धता गरियो ।

प्रतिबद्धताहरु

१) योजना जाँच पासमा अझै सहजता बनाउँदै लैजाने प्रतिबद्धता जनाउँदछौं ।

२. कार्यालयको सेवालाई अझै प्रभावकारी बनाउँदै लैजाने सेवाको सन्दर्भमा सचेतनाका कार्यक्रम संचालन गरि सेवा गुणस्तर बढाउने प्रतिबद्धता जनाउँदछौं ।

३. खानेपानीको समस्या समाधान गर्नको लागी एक घर एक धारा कार्यक्रम मार्फत समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. विद्युत नपुगेका टोलमा विद्युतीकरण गर्न आवश्यक पहल गरी समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. अपाङ्गता भएका व्यक्तीहरु, महिला, बालबालिकाको सवालमा गम्भिर भएर लाग्ने र उनिहरुलाई दिइने सेवालाई प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

६) स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ अनि शिक्षाको गुणस्तर कायम गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. वडाको समग्र विकासको लागी अझै प्रयास र पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

## सार्बजनिक सुनुवाइका झलकहरु















स्थानीय तहमा सुशासन प्रवर्द्धनको लागि
सार्वजनिक सुनुवाई
स्थान : गुरांस गा.पा. वडा नं. ........, दैलेख
मिति: २०७९/...../.....
सहजिकरण
आयोजक


स्थानीय तहमा सुशासन प्रवर्द्धनको लागि
सार्वजनिक सुनुवाई
स्थान : गुरांस गा.पा. वडा नं. ........, दैलेख
सहजिकरण